दलित समुदायको संवैधानिक हक अधिकार र कानूनी व्यवस्था
जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८
राष्ट्रिय दलित आयोगको काम कर्तव्य र अधिकार



# जानकारी मूलक हाते पुस्तिका








United Nations
Educational, Scientific and
Cultural Organization

कपिलवस्तु नगरपालिकाको कार्यालय, तौलिहवा
यशोधरा गाउँपालिकाको कार्यालय, बैदौली कपिलवस्तु

दलित सामाजिक विकास केन्द्र
DSDC
स्था: २०६१
क.न.पा.-५, कपिलवस्तु

दलित समुदायको संवैधानिक हक अधिकार र कानूनी व्यवस्था
जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८
राष्ट्रिय दलित आयोगको काम कर्तव्य र अधिकार

# जानकारी मूलक हाते पुस्तिका


**दलित सामाजिक विकास केन्द्र, कपिलवस्तु**

२०८१

# भूमिका

संविधान राज्यको मूल कानून हो। नेपालको संविधान २०७२ ले सम्पूर्ण नेपालीलाई सम्मानपूर्वक वाच्न पाउँने अधिकारको समेत ग्यारेन्टी गरेको छ। संविधानको अधिनमा रही राज्यका हरेक तहमा रहेका विभिन्न निकाय र पदाधिकारीहरूले आफूलाई तोकेको जिम्मेवारी बहन गर्नु पर्दछ र नागरिकले नागरिकको कर्तव्यको पालना गर्नु पर्दछ । संविधानले विभेदरहित समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । संविधानको मुख्य विशेषताहरूमा जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्य, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने जस्ता व्यवस्थाहरू गरेको छ।

संविधानले मानव अधिकारका आधारभूत मान्यतालाई संविधानको भाग-३ अन्तर्गत मौलिक हक भित्र विभिन्न ३१ वटा धारामा उल्लेख गरेको छ। खासगरी नागरिकको राजनैतिक अधिकार, आर्थिक, सामाजिक र सास्कृतिक अधिकार, सामाजिक सुरक्षा र सामाजिक न्याय, दलितको हक, शिक्षाको हक, महिलाको हक सम्बन्धी हक र अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधानले समानता, संरक्षण र सशक्तिकरण जस्ता आधारभूत कुराहरूलाई आत्मसात गरेको छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प गरेको छ। यस संकल्पलाई पूरा गर्न राज्यको मुख्य जिम्मेवारी हो। विगतमा विविध कारणले पछाडी पारिएका वर्ग, समुदाय र समूहलाई बिशेषाधिकार मार्फत राज्यको मूलधारमा ल्याउन राज्यका तीनटै तह तदारूपताको साथमा अवसरको रूपमा लिई संविधानले परिकल्पना गरेको विभेदरहित समतामूलक समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्दछ।

# बिषयसूची

१. नेपालको संविधान २०७२ मा दलितको हक र अधिकार

२. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव कसूर र सजाय ऐन, २०६८

३. राष्ट्रिय दलित आयोगको काम कर्तव्य र अधिकार

४. अनुसूची

## १. नेपालको संविधान २०७२ मा दलितको हक र अधिकार

### संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हक र कर्तव्यमा रहेको दलित समुदायको हकहित सम्बन्धी महत्वपूर्ण प्रावधानहरू यस प्रकार छन ।

### भाग-३ मौलिक हक र कर्तव्य

**धारा १८. समानताको हक:**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन् ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन् ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन् । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन् ।

**स्पष्टीकरण**: यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन् ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

### धारा २४ : छुवाछूत तथा भेदभाव विरूद्धको हक

१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाती, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन् ।

२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन् ।

३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाईने छैन् ।

४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन् ।

५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्य बाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## २९. शोषण विरूद्धको हक:

(१) प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन् ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन् ।

(४) कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइने छैन् । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन् ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## धारा ४० : दलितको हक

१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

२) दलित विद्यार्थी प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशष व्यवस्था गरिनेछ ।

३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशा सँग सम्बन्धित आधुनिक व्यवसायामा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोवासको व्यवस्था गर्नेछ ।

७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरूष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

## धारा ४२ : सामाजिक न्यायको हक

१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिचडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

## भाग-८ संघीय व्यवस्थापिका

## प्रतिनिधि सभामा दलित सहभागिताका लागि केही विशेष व्यवस्था

संविधानको धारा प्रतिनिधि सभाको गठन : ८४ (२) मा प्रतिनिधि सभाको गठनबारे उल्लेख छ । जस अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

## धारा ८६: राष्ट्रिय सभाको गठन:

संविधानको धारा ८६ मा राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधिको विषय समेटिएको छ । जसअनुसार प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना हुनेछन् । जम्मा उन्साठी सदस्यको समिति हुने ।

## भाग- १४ प्रदेश व्यवस्थापिका

### प्रदेश सभामा भएको व्यवस्था:

दलित समुदायको अधिकार संविधानको धारा १७६ मा प्रदेश सभाको गठनबारे उल्लेख छ । जस अनुसार समानुपातिक निर्वाचन प्रणाली वमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट वन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ भनिएको छ ।

## भाग- १७ स्थानीय कार्यपालिका

### गाउँ कार्यपालिकामा दलितको उपस्थितिबारे व्यवस्था:

संविधानको धारा २१५ मा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था छ । जस अनुसार प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहने धारा २२२ को प्रावधान अनुसार गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका (नेपाली नागरिक, २१ वर्ष पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानूनले अयोग्य नभएको) दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् ।

### नगर कार्यपालिकामा व्यवस्थाः

संविधानको धारा २१६ मा नगर कार्यपालिका प्रमुख र उपप्रमुखसम्बन्धी व्यवस्था छ । जस अनुसार प्रत्येक नगरमा एक नगर सभा रहने धारा २२३ को व्यवस्था बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका (नेपाली नागरिक, २१ वर्ष पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानूनले अयोग्य नभएको) दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगरकार्यपालिकाको सदस्य हुनेछन् ।

### जिल्ला समन्वय समितिमा

संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिबारे उल्लेख छ । जस अनुसार जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

### भाग- १८ स्थानीय व्यवस्थापिका
### गाउँ सभामा पनि दलितको सहभागिता

संविधानको धारा २२२ मा गाउँ सभाको गठनबारे लेखिएको छ । जस अनुसार प्रत्येक गाउँपालिकाको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम (गाउँ सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ सभाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र नेपाली नागरिक, २१ वर्ष पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानूनले अयोग्य नभएको २ जना) दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् ।

### नगर सभामा

संविधानको धारा २२३ मा नगर सभाको गठनबारे उल्लेख छ । जसअनुसार प्रत्येक नगर पालिकामा गठन हुने नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम (नगर सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगर सभाका

सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र नेपाली नागरिक, २१ वर्ष पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानूनले अयोग्य नभएको (३ जना) दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् ।

दलमा दलितलाई पुऱ्याउन भएको व्यवस्था दलको नेतृत्वमा दलितलाई पुऱ्याउन पनि त कुनै व्यवस्था होला नि ? संविधानको धारा २६८, उपधारा ४ (ग) ले दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्वित गर्ने गरी समाबेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ भनिएको छ ।

## भाग- २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था

### नेपाली सेनामा दलित सहभागी हुन पाउने

संविधानको धारा २६७ को उपधारा ३ ले नेपाली सेनामा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानूनबमोजिम सुनिश्चित गरिनेछ भनेको छ । सैनिक सेवा नियमावली, २०६८ ले खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको पैंतालीस प्रतिशत पदसंख्या समावेशीकरणका लागि छुट्याई सो संख्यालाई शतप्रतिशत मानी पन्ध्र प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

### निजामती सेवामा दलितका लागि केही व्यवस्था

निजामती सेवा ऐन, २०४८ मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिता द्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि नौ प्रतिशत आरक्षण गरिने प्रावधान छ ।

### रोजगारीका क्षेत्रमा दलितलाई सहयोग पुग्ने नियमः

श्रम ऐन, २०७४ मा कसैलाई भेदभाव गर्न नहुने व्यवस्था उल्लेख छ । जस अनुसार रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधार मध्ये कुनै कुराको आधारमा भेदभाव गर्न नपाइने लेखेको छ ।

### दलितलाई पनि रोजगारीको हक

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन भनेको छ ।

## कामका लागि विदेश जान केही सहूलियत

वैदेशिक रोजगार ऐन, २०६३ ले वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीयप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने उल्लेख गरेको छ। त्यसैगरी वैदेशिक रोजगारमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने प्रावधान पनि राखिएको छ।

## सुरक्षा निकायमा दलितले जागिर पाउने

प्रहरी नियमावली, २०७१ ले प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी पन्ध्र प्रतिशत आरक्षणको व्यवस्था गरेको छ। यसैगरी सशस्त्र प्रहरी नियमावली २०७२ ले धारा ८३ मा सशस्त्र प्रहरी सेवाको पदपूर्ति शीर्षकमा सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगिता द्वारा पूर्ति हुने पद मध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको १५ प्रतिशत दलितबाट पदपूर्ति गरिने उल्लेख छ। यसरी नै सैनिक सेवा नियमावली, २०६८ ले खुला प्रतियोगिताद्वारा नेपाली सेनामा पदपूर्ति हुने पदहरूको ४५ प्रतिशत पद संख्या समावेशीकरणका लागि छुट्याई सो संख्यालाई शतप्रतिशत मानी त्यसमध्ये १५ प्रतिशत दलित समुदायबाट पदपूर्ति गरिने लेखिएको छ।

## २. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८

जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः

प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछूत, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्व साधारण बीच सुसम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण  राखी समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका–संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ । (ख) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ग) "सार्वजनिक स्थान भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, पाटी पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, शमसानघाट, उद्यान–बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(घ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ङ) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रूपमा आयोजना गरिएको भोज भतेर, पूजा–पाठ, यज्ञ अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा सांस्कृतिक समारोह सम्झनु पर्छ ।

(च) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**२ (क) जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव विरूद्धको अधिकार :**

(१) प्रत्येक व्यक्तिलाई जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव विरूद्धको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछः–

(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,

(ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(च) विवाह गर्ने तथा बरवधु छान्ने अधिकार,

(छ) शान्ति पूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

(ट) जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव विरूद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।

**३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गर्न नहुने:**

(१) कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गर्न वा गराउन हुँदैन ।

(२) कसैले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरूत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

**४. जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गरेको मानिने:**

(१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गरेको मानिनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति. वंश, समदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था आधारमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैन:–

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा

(ख) व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णता व्यवहार प्रदर्शन गर्ने ।

(३) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन ।

(४) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न हुँदैन ।

(५) कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी–जानी सहभागी हुनु हुँदैन ।

(६) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन ।

(७) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुँदैन ।

(८) कसैले कुनै पनि व्यक्तिलाई जात. जाति वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउन हुँदैन ।

(९) कसैले कुनै वस्तु सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउने वा कनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, विक्री वा वितरण गर्न वा गराउन हुँदैन ।

(१०) कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, वारका कुनै घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन हुँदैन ।

(११) कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जुरी भएको अन्तर जातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन ।

(१२) कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टून, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन ।

(१३) कसैले उत्पत्ति जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन ।

**५. उजुर गर्ने**:

(१) दफा ४ बमोजिमको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि कसैले दफा ४ बमोजिमको कसूर नेपाल बाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहले सम्बन्धित प्रहरी कार्यालयमा तोकिए बमोजिम लेखी पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी माथि प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

**६. मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्ने**:

यस ऐन अन्तगतको मुद्दाको अनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार दलित समुदाय लगायत जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

**७. सजाय**: (१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ४ को उपदफा (२), (३), (४), (५), (६) वा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रूपैयाँ देखि दुई लाख रूपैयाँ सम्म जरिवाना ।

(ख) दफा ४ को उपदफा (८), (९), (१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई महिना देखि दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँ देखि एक लाख रूपैयाँ सम्म जरिवाना,

(ग) जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(क) दफा ४ बमोजिमको कुनै कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोही दफा सजाय बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई पटकै पिच्छे उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लेखित सजायको दोब्बर सजाय हुनेछ ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

८. **बाधा विरोध गर्नेलाई सजाय**: यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ ।

९. **क्षतिपूर्ति**: (१) यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रूपैयाँ सम्म क्षतिपूर्ति भराइ दिनु पर्नेछ ।

(२) कसूरदारले पीडितलाई कुनै शारीरिक हानि, नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि, नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको रकम कसूरदारबाट तत्काल भराउन नसकिने बमो जिम पीडित राहत कोषबाट भराइदिने भएमा त्यस्तो रकम प्रचलित कानूननु पर्नेछ र असूल उपर गरी सो कोषमा शोधभर्ना गर्नु त्यसरी भराइएको रकम सम्बन्धित कसूरदार पर्नेछ ।

१०. **हदम्याद**: यस ऐन अर्न्तगतको कसूरमा कसूर भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्नेछ ।

११. **सरकारवादी हुने**: यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१२. **संक्षित कार्यविधि अपनाउनु पर्ने**: यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ । किनारा गर्दा संक्षिप्त

१३. **प्रचलित कानून बमोजिम सजाय हुने**: यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूर मा प्रचलित कानून बमोजिम मुद्दा चलाइ कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन् ।

१४. **यसै ऐन बमोजिम हुने**: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. सहयोग गर्नु पर्ने**: यस ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. नियम बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**१७. खारेजी**: मुलुकी ऐन, अदलको महलको १०क. नं. खारेज गरिएको छ ।

**द्रष्टव्य**:

*१. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७५ द्वारा रूपान्तर भई मुलुकी सहिंता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित शब्दहरू:-*

*"सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १"*

*२. पहिलो संशोधनद्वारा रूपान्तर भएका शब्दहरू:-*

*"जातीय भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरूको सट्टा "छुवाछूत तथा भेदभाव" ।*

*३. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा रूपान्तर भएका शब्दहरू:- (लामो शीर्षक, संक्षिप्त नाम र प्रारम्भमा समेत रूपान्तर गरिएको) "जातीय भेदभाव तथा छुवाछूत", "छुवाछूत तथा भेदभाव", "जातीय भेदभाव वा छुवाछूत" तथा "जातीय छुवाछूत वा भेदभाव" को सट्टा "जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव" ।*

## ३. राष्ट्रिय दलित आयोग ऐन, २०७४

### राष्ट्रिय दलित आयोगको काम कर्तव्य र अधिकार

**प्रस्तावना**: दलित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र सम्वर्धन तथा सो समुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न राष्ट्रिय दलित आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "राष्ट्रिय दलित आयोग ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले कार्यवाहक अध्यक्षलाई समेत जनाउँ छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २५५ बमोजिमको राष्ट्रिय दलित आयोग सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दलित समुदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

## आयोगको काम, कर्तव्य र अधिकार

**३. आयोगको काम, कर्तव्य र अधिकारः** संविधानको धारा २५६ मा उल्लिखित काम, कर्तव्य र

अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) दलित समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच्च नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरूद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

(ङ) दलित समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,

(छ) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ज) दलित समुदायको हकहितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने ।

(ञ) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,

(ट) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

४. **राय परामर्श लिन सक्ने**: आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ ।

५. **विशेषज्ञको सेवा लिन सक्ने**: आयोगले संविधान, यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा आयोगले त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

६. **समिति वा कार्यदल गठन गर्न सक्ने**: (१) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्य विधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति, कार्यदलको कार्यक्षेत्रगत शर्त त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम समिति वा कार्यदल गठन गर्दा संविधानमा व्यवस्था भए बमोजिम दलित समुदायभित्र पनि समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनु पर्नेछ ।

७. **समन्वय तथा सहकार्य गर्न सक्ने**: आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-३
# उजुरी कारबाही सम्बन्धी कार्यविधि

**८. उजुरी दिन सक्ने**: (१) कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजु री दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त हुन आएमा आयोगले त्यस्तो उजुरी तोकिए बमो जिम दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) सँग सम्बन्धित विषयमा आयोगलाई अन्य कुनै माध्यमबाट जानकारी प्राप्त हुन आएमा आयोगले त्यस्तो जानकारी लिपिबद्ध गरी उपदफा (२) बमोजिम दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम आयोगमा उजु री दिंदा कुनै दस्तुर लाग्ने छैन् ।

**९. प्रारम्भिक छानबिन तथा कारबाही**: (१) दफा ८ को उपदफा (१) बमोजिम प्राप्त उजुरी वा उपदफा (३) बमोजिम प्राप्त जानकारी उपर आयोगले प्रारम्भिक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिन गर्दा प्रथम दृष्टिमा नै दलितको हक हितमा प्रतिकूल असर परेको देखिएमा आयोगले त्यस्तो कार्य रोक्न सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई तत्काल रोक लगाउन सक्नेछ ।

**१०. उजुरीको छानबिन**: (१) दफा ९ बमोजिम प्रारम्भिक छानबिन गर्दा दलित समुदायको हकहितमा प्रतिकूल असर परेको देखिएमा त्यस्तो उजुरी उपर आयोग आफैले वा आवश्यकता अनुसार समिति गठन गरी वा आयोगका अधिकृत कर्मचारीबाट तोकिए बमोजिम छानबिन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा आयोग, छानबिन समिति वा छानबिन गर्ने अधिकृत कर्मचारीलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) कुनै व्यक्तिलाई उपस्थित गराई जानकारी लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न लगाउने,

(ग) आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट जाँचबुझको विषयसँग सम्बन्धित कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

(३) उपदफा (१) बमोजिम छानबिन सम्पन्न भएपछि त्यसको प्रतिवेदन आयोगमा पेश गर्नु पर्नेछ ।

(४) उजुरीको छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. छानबिन नगर्नेः दफा ९ वा १० मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुसन्धान भइरहेको वा भइसकेको विषयमा आयोगले छानबिन वा कारबाही गर्ने छैन् ।

**१२. मुद्दा दायर गर्न सिफारिस गर्नेः**

(१) दफा १० बमोजिम छानबिन गर्दा मुद्दा दायर गर्नु पर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्यादभित्र आयोगले मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गरी त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा आयोगले मुद्दा दायर गर्न सहयोग पुग्ने छानबिनको क्रममा संकलन गरेको तथ्य, कागज तथा प्रमाणको प्रतिलिपि समेत सम्बन्धित निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मुद्दा चलाउन लेखी आएमा सम्बन्धित निकायले सो विषयमा आवश्यक जाँचबुझ गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नेछ ।

१३. उजुरी खारेज गर्नसक्नेः (१) दफा ९ वा १० बमोजिम छानबिन गर्दा उजुरी आधारहीन देखिएमा आयोगले त्यसको कारण खुलाई त्यस्तो उजुरी खारेज गर्न सक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम उजुरी खारेज गर्ने निर्णय गरेकोमा त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र सम्बन्धित उजुरकर्तालाई जानकारी दिनु पर्नेछ ।

**१४. मेलमिलाप सम्बन्धी व्यवस्थाः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोगमा विचाराधीन रहेको कुनै उजु रीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा आयोगले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विषयमा मेलमिलाप गराइ दिन सक्नेछ ।

(२) कुनै उजु रीका सम्बन्धमा उपदफा (१) बमोजिम मेलमिलाप भएपछि मिलापत्र कार्यान्वयन नभएको विषयमा बाहेक अन्य विषयमा पुनः उजुर लाग्ने छैन् ।

(३) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १५. सिफारिस वा निर्णयको कार्यान्वयनः

(१) आयोगले संविधान वा यस ऐन बमोजिम गरेको सिफारिस वा निर्णयको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले त्यसको कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट लेखी आएको विषय कुनै कारणले कार्यान्वयन गर्न नसकिने भएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले त्यसको कारण खुलाई अविलम्ब आयोगलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा आयोगले त्यस्तो विषयमा पुनः विचार गरी निर्णय गर्न र सो बमोजिम कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई कुनै विषय कार्यान्वयन गर्न लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-४
# आयोगको कार्य सञ्चालन

**१६. आयोगको कार्यालय**ः (१) आयोगको कार्य सञ्चालनको लागि काठमाडौं उपत्यकामा आयोगको एक केन्द्रीय कार्यालय रहनेछ ।

(२) आयोगले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेछ ।

**१७. आयोगको बैठक**ः (१) संविधान वा यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको सचिवले आयोगको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपदफा (३) बमोजिम बैठकमा छलफल हुने विषय सूचीमा उल्लेखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै आयोगको सचिवलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त हुना साथ आयोगको सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय आयोगको बैठकको कार्यसूचीमा परेको मानिनेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषय सूचीमा नपरेको विषयमा पनि छलफल गरी निर्णय गर्न सकिनेछ ।

(६) आयोगमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ् ख्या पुगेको मानिनेछ ।

(७) आयोगको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(८) आयोगको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(९) आयोगको निर्णयको अभिलेख आयोगको सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ ।

(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको

सचिवको रूपमा काम गर्नेछ । त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम् कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ ।

(११) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **स्वार्थ बाझिएमा निर्णय प्रकृयामा भाग लिन नहुने**: आयोगमा विचाराधीन कुनै विषयमा आयोगको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको नजिकको नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगलाई त्यस्तो कुराको पूर्व जानकारी दिई त्यस्तो विषयमा आयोगबाट गरिने निर्णय प्रक्रियामा भाग लिन सक्ने छैन् ।

१९. **कार्य विभाजन**: अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले तोके बमोजिम हुनेछ ।

२०. **कार्यवाहक भई काम गर्ने**: कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा, निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा, विदेश भ्रमणमा गएकोमा वा सात दिनभन्दा बढी समयसम्म बिदामा रहेकोमा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई काम गर्नेछ ।

२१. **आयोगको काम कारबाहीमा बाधा नपर्ने**: कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारबाहीमा बाधा पर्ने छैन् ।

## परिच्छेद–५
## विविध

**२२. आयोगको संगठनात्मक संरचना र कर्मचारी**: (१) आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

**२३. पदीय मर्यादा तथा आचरण पालन गर्नु पर्ने**: (१) आयोगका अध्यक्ष तथा सदस्यले देहाय बमोजिमको पदीय मर्यादाको पालन गर्नु पर्नेछ :–

(क) दलित समुदायको हकहितको संरक्षण र सम्बर्द्धन गर्न तथा दलित समुदायको सशक्तीकरणको लागि स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

(ख) विभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय बीचको सम्बन्धमा खलल् पर्ने कुनै काम नगर्ने,

(२) आयोगका अध्यक्ष तथा सदस्यले यो ऐन वा प्रचलित कानून बमोजिमको पदीय आचरणको पालन गर्नु पर्नेछ ।

**२४. काम कारबाहीमा सहयोग गर्नु पर्ने**: आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीको सहयोग माँग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु त्यस्तो निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

**२५. कार्यान्वयनको लागि लेखी पठाउन सक्ने**: संविधान वा यस ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष सो विषय कार्यान्वयन गराउनको लागि लेखी पठाउन सक्नेछ ।

**२६. वार्षिक प्रतिवेदन**: आयोगले संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा अन्य विषयहरूको अतिरिक्त देहायका विषयहरू समेत समावेश गर्नु पर्नेछः–

(क) आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयनको विवरण तथा लागत खर्च,

(ख) आयोगमा परेका उजुरीको विवरण तथा त्यस्तो उजुरी उपर आयोगले गरेको निर्णय तथा आदेशको विवरण,

(ग) आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सुझाव तथा त्यस्तो निकायलाई गरेको सिफारिसको विवरण,

(घ) खण्ड (ग) बमोजिमको सुझाब तथा सिफारिस कार्यान्वयनको अवस्था,

(ङ) आयोगको आर्थिक तथा भौतिक स्रोत साधन तथा त्यसको उपयोगको अवस्था,

(च) यस ऐन बमोजिम आयोगले पूरा गर्नु पर्ने दायित्व निर्वाहका सम्बन्धमा गरिएको अन्य काम कारबाहीको विवरण ।

**२७. नेपाल सरकारसाग सम्पर्क**: आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

**२८. अधिकार प्रत्यायोजन**: आयोगले संविधान तथा यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी अध्यक्ष, सदस्य, नेपाल सरकार, प्रदेश सरकार, कुनै निकाय वा स्थानीय सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२९. नियम बनाउने अधिकार**: (१) यो ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने नियममा नेपाल सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले बनाएको नियम नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**३०. निर्देशिका बनाउने अधिकार**: आयोगले सम्पादन गर्नु पर्ने काम सुचारू रूपले सञ्चालन गर्ने वा गराउनको लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

**३१. असल नियतले गरेको कामको बचाउ**: आयोगका पदाधिकारी, कर्मचारी वा आयोगले खटाएको कुनै पनि व्यक्तिले यस ऐन वा यस अन्तर्गत बनेका नियमहरू बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा निजहरू उपर कुनै कानूनी कारबाही चलाइने छैन् ।

**३२. खारेजी र बचाऊ** : (१) सम्वत् २०५८ साल चैत्र ६ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम गठित राष्ट्रिय दलित आयोग विघटन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आयोगबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन लागू हुँदाका बखत उपदफा (१) बमोजिमको राष्ट्रिय दलित आयोगमा बहाल रहेका पदाधिकारीहरू यो ऐन लागू भएपछि स्वतः पदमुक्त हुनेछन् ।

## ४. अनुसूची

**नमूना फारमः**

जिल्ला प्रहरी कार्यालय ........................ मा पेश गरेको

**जाहेरी दरखास्त**

(१) जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :–

(२) कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो ? :–

(३) कसूर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :–

(४) कसूर गर्ने व्यक्तिको बाबु/आमाको नामः–

(५) कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य बिबरणः–

(६) कसूर सम्बन्धि बिबरण :–

(क) कसूर भएको वा भइरहेको वा हुन् लागेको सम्बन्धित ठाँउ, मिति र समयः–

(ख) कसूर संग सम्बन्धित घटना बिबरण :– ..........................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

(ग) कसूरको प्रकृति र कसूर संग सम्बधित अन्य बिबरणः–

(घ) कसूर संग सम्बन्धित सबुत प्रमाणः–

१. ............१

२. ............१

(ङ) अपराध संग सम्बन्धित अन्य बिबरणः–

(७) यो दरखास्तको व्यहोरा ठिक साँचो छ⁄ झुट्ठा ठहरे कानून बमोजिम साहुला बुझाउला। प्रहरीद्वारा अनुसन्धान हुँदा अदालतमा मुद्दा चाल्दाका बखत उपस्थित हुनु पर्ने जानकारी पाए सो बमोजिम उपस्थित हुनेछु ।

दरखास्त वा सूचना दिनेको दस्तखत

१..... इति सम्बत २०८१ साल असार महिना ३० गते रोज १ मा शुभम् .................................।

यो लिंकमा गएर राष्ट्रिय दलित आयोगमा अनलाइन उजूरी दिन सकिन्छ ।
https://ndc.gov.np/complaint?lan=np

राष्ट्रिय दलित आयोग
National Dalit Commission

गृहपृष्ठ | आयोग | कानून तथा नियम | डाउनलोड | सूचना पाटी | ग्यालरी | आयोगको सिफारिस | अनलाइन उजुरी | FAQ | सम्पर्क

# अनलाइन उजुरी

## १. पीडितको विवरण

(क) नाम

(ख) बुवाको नाम

(ग) आमाको नाम

(घ) वतन: स्थायी ठेगाना

फोन/मोबाईल

अस्थायी ठेगाना

फोन/मोबाईल

ई-मेल

(ङ) लिङ्ग
○ पुरुष ○ महिला ○ अन्य

(च) वैवाहिक स्थिति
○ विवाहित ○ अविवाहित ○ सम्बन्ध विच्छेद भएको ○ एकल

(छ) राष्ट्रियता

(ज) उमेर (वर्ष)

(झ) पेशा

(ञ) जाती

(ट) बोलीचालीको भाषा

(ठ) धर्म

(ड) शिक्षा

(ढ) अपांगता
○ छ ○ छैन

यदि छ भने खुलाउनुहोस्

(ण) कुनै संगठनको सदस्यता

## २. उजूरीकर्ताको विवरण

(क) नाम / संगठन

(ख) पुरा ठेगाना

(ग) फोन/मोबाईल

(घ) ई-मेल

(ङ) पीडितसँगको नाता/सम्बन्ध

(च) बोलीचालीको भाषा

## ३. आरोपित/पीडकको विवरण

(क) आरोपित पीडकको नाम

(ख) सम्पर्क ठेगाना

(ग) संगठन/कार्यालय

(घ) पद/दर्जा

(ङ) फोन/मोबाईल

(च) ई-मेल

(छ) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरु (जस्तो: लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

## ४. उल्लङ्घनको बिषय

## ५. उजुरीको विस्तृत विवरण

(क) घटनाको मिति
mm/dd/yyyy

(ख) समय
--:-- --

(ग) घटना भएको स्थान

(घ) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्यो विस्तृत रुपमा लेख्नुहोस् ।

(ङ) के उक्त घटनाबाट तपाई विस्थापित हुनु भएको छ ?
○ छ ○ छैन

(च) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय /संगठन जस्तै : अदालत, प्रहरी, स्थानीय न्यायिक समिति, शसस्त्र प्रहरी बल, अन्य आयोगहरु, गैर सरकारी संस्था आदिमा उजूरी गर्नुभएको छ ?

○ छ ○ छैन

यदि छ भने, कहाँ उजूरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

**६. उजूरीसँग सम्बद्ध अन्य प्रमाणहरु**

(क) के यो घटनाका कुनै साक्षी छन् ?

○ छन् ○ छैनन्

साक्षीको नाम | ठेगाना | फोन/मोबाईल

साक्षीले दिनसक्ने सम्भावित सूचना

(ख) उजूरीलाई सहयोग पुऱ्याउने लिखत वा दसी प्रमाणहरु

(ग) उजूरीसँगै राखिएका प्रमाणहरु

Choose File No file chosen

**७. माग गरिएको उपचार**

(क) आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

**८. उजूरीकर्ताको हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठिक, साँचो हो ।)**

नाम | मिति

mm/dd/yyyy

I'm not a robot

reCAPTCHA
Privacy - Terms

Submit

## राष्ट्रिय दलित आयोग (National Dalit Commission) को सम्पर्क नं.

### सम्पर्क गर्नुहोस्

**ठेगाना**
कुपण्डोल, ललितपुर, नेपाल

**फोन**
+९७७-१-५४३११४८, १८१०५०००३२ (टोल फ्री नम्बर)

**फ्याक्स**
+९७७-१-५४३३६५०

**ई-मेल**
info@ndc.gov.np

## सन्दर्भ सामाग्री


१. नेपालको संविधान २०७२, नेपाल कानून आयोग
२. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव कसूर र सजाय ऐन, २०६८, नेपाल कानून आयोग
३. राष्ट्रिय दलित आयोग ऐन– २०७४, नेपाल कानून आयोग

दलित सामाजिक विकास केन्द्र
क.व.न.पा.–५, डँगरी चौक, कपिलवस्तु
Email: dsdc2061@gmail.com, website: www.dsdc.org.np